**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

**सुदूरपश्चिम प्रदेशको दार्चुलामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन**

भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको दार्चुलाको लेकम गाउँपालिकाको रिठाचौपतास्थित श्री लटिनाथ माध्यमिक विद्यालयको विद्यालय भवनको आज जिल्ला समन्वय समिति, दार्चुलाका प्रमुख श्री महादेव बडू कश्यप, लेकम गाउँपालिकाका अध्यक्ष श्री राम दत्त जोशी र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री अजय कुमार सिंहले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

२. दुईवटा दुई तल्ले विद्यालय भवन र अन्य सम्बन्धित संरचनाहरुको निर्माण कार्य उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अगाडि बढाइएको थियो जसलाई जिल्ला समन्वय समिति, दार्चुलामार्फत कार्यान्वयन गरिएको हो ।

३. दार्चुलाको रिठाचौपतास्थित श्री लटिनाथ माध्यमिक विद्यालयको स्थापना सन् १९५५ मा प्राथमिक विद्यालयको रुपमा भएको थियो र सन् २००८ मा यसलाई उच्च माध्यमिक तहमा स्तरोन्नति गरिएको थियो । यस विद्यालयमा करिब ५६६ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

४. दार्चुलाको जिल्ला समन्वय समितिका प्रमुख, लेकम गाउँपालिकाका अध्यक्ष, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो । वहाँहरुले नयाँ संरचनाले यस क्षेत्रको शिक्षा क्षेत्रलाई सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

५. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा

पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं

२०८३ वैशाख १४